कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वनियानी (झापा)

१ नं. प्रदेश

प. सं.: योजना, २०७७/७८
च. नं. : ३६३८

मिति : २०७८/०३/१८

**विषय :- भुक्तानी निकासा बन्द हुने सम्बन्धमा ।**

श्री वडा कार्यालय सवै
श्री टोल विकास संस्था सवै
श्री उपभोक्ता समिति सवै
श्री निर्माण व्यवसायी सवै
कचनकवल, झापा

उपरोक्त सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको च. नं. ३६६, मिति २०७८/०३/१७ को पत्रानुसार आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एकसाता अगाडी भुक्तानी बन्द गर्ने र आवश्यक देखिएमा प्रमाणका आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था गरेकोमा प्रदेश र स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (७) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा तत्पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था नगरेकोले यस कार्यालयबाट सञ्चालनमा रहेको योजनाहरुको (आन्तरिक श्रोत वाहेक) रकम निकासाका लागि मिति २०७८/०३/२१ गते भित्रमा कार्यालयमा, कार्यालयले माग गरेका सम्पूर्ण कागजातहरु सहित मुल्यांकन वमोजिमको भुक्तानीका लागि पेश हुन जानकारी गराइएको छ । सो समयावधी भित्र रकम निकासा माग गर्न नआएमा रकम निकासा नहुने र रकम निकासा नभएको खण्डमा यसको जिम्मेवार गाउँ कार्यपालिकाको कार्यालय नहुने व्यहोरा समेत यसै मार्फत् जानकारीका लागि अनुरोध छ ।

०३/१८

(कुमार वस्नेत)
प्रमुख प्रशासकिय अधिकृत

***वोधार्थ***

श्री सूचना प्रविधि शाखा
कचनकवल गा. पा. : सवै वडा कार्यालयहरुमा जानकारी गराई **website** मा प्रविष्टि गराउनु हुन ।

*"व्यवसायीक कृषि र उद्यममा आधारित पर्यटकीय पूर्वाधार
शिक्षा, स्वास्थ्य र यातायात सञ्जाल कचनकवलको समृद्धिका आधार"*

Scanned with CamScanner

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं

नेपाल ।

पत्र संख्या : २०७७/०७८

च.नं. : ३६६

मिति : २०७८/०३/१६

विषय : भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै

श्री प्रदेश लेखा ईकाई कार्यालय, सबै

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको पत्र संख्या २०७७।७८ चन ८८२ मिति २०७८।०३।१४ को पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि भुक्तानी निकासा बन्द गर्ने र अत्यावश्यक देखिएमा प्रमाणको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था रहेकोमा प्रदेश र स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (३) ले आर्थिक वर्ष समाप्त हुन भन्दा सात दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा त्यस पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था नगरेकोले सो सम्बन्धमा प्रदेश र स्थानीय सरकारको हकमा औचित्य निर्णय गर्न महालेखा नियन्त्रक कार्यालयबाट अर्थ मन्त्रालयमा पेश भएकोमा उल्लेखित नियमावलीको नियम ३०(२) को व्यवस्था प्रदेश तथा स्थानीय सरकारको हकमा लागु नहुने र यस विषयमा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावलीको प्रतिकुल नहुने गरी कानुन तर्जुमा गर्न सक्ने मिति २०७८।०३।१४ को माननीय उपप्रधान तथा अर्थ मन्त्रिज्यूस्तरीय निर्णय भई आएको हुँदा सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु गराउनु हुन अनुरोध छ।

तिलकी अधिकारी

लेखा अधिकृत

बोधार्थ

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाडौं

टेलिफोन नं. : ०१ ४६६१२९०, ४६६०८९५, ४६६०३८६ (ext - २१९), फ्याक्स : ०१ ४६६१२९१
email : tms@fcgo.gov.np, website : www.fcgo.gov.np

Scanned with CamScanner